# पैयूँ गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ७ | संख्याः ४ | मितिः २०८१/०६/१५

**भाग-२**

## कोदो उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१

**प्रस्तावनाः**

कोदो उत्पादन र उत्पादकत्वमा वृद्धि गरी गाउँपालिकाको कृषि क्षेत्रको व्यवसायिकरणमा सहयोग पुर्याउन पैयूँ गाउँ कार्यपालिकाको कार्यालयको कृषि शाखाको वार्षिक स्वीकृत बजेटमा समावेश भएको कार्यक्रम कोदो उत्पादनमा प्रोत्साहन अनुदान सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउन वाञ्छनीय भएकाले पैयूँ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।(कार्यापालिकाबाट पारित मिति२०८१।०६।१५)

**१.संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम कोदो उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१ रहेको छ।यो कार्यविधि पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

**२.परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क) "कार्यालय"** भन्नाले पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वतलाई सम्झनु पर्नेछ।

**(ख) "वडा कार्यालय"** भन्नाले पैयूँ गाउँपालिका अन्तर्गतका ७ वटै वडा कार्यालयहरूलाई सम्झनु पर्नेछ।

**(ग) "शाखा"** भन्नाले पैयूँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको कृषि विकास शाखा र पशु सेवा शाखालाई सम्झनु पर्नेछ।

**(घ) "अध्यक्ष"** भन्नाले पैयूँ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्नेछ।

**(ङ) "उपाध्यक्ष"** भन्नाले पैयूँ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्नेछ।

**(च) "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले पैयूँ गाउँपालिका, गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ।

**(छ) "शाखा प्रमुख"** भन्नाले पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कृषि शाखा वा पशु सेवा शाखा प्रमुखलाई सम्झनु पर्नेछ।

**(ज) "समिति"** भन्नाले पैयूँ गाउँपालिका कृषि सम्बन्धी कार्यक्रममा अनुदान व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन गर्ने समितिलाई सम्झनु पर्नेछ।

**(झ) " कृषक "** भन्नाले कोदो खेति तथा कोदो उत्पादन गर्ने व्यक्तिलाई सम्झनु पर्नेछ।

**(ञ) " कृषक समूह"** भन्नाले व्यवसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्देश्यको लागि गठन भएका १५ वा सो भन्दा बढी २५ जना सम्मको कृषकहरूको समूहलाई बुझाउनेछ।

**(ट) "कृषि सहकारी"** भन्नाले सम्बन्धित निकायमा दर्ता भई कृषि सम्बन्धी कार्य गर्ने सहकारी संस्थालाई सम्झनु पर्नेछ।

**(ठ) "अनुदान"** भन्नाले कोदो उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम संचालनका लागि क्षेत्रफलका आधारमा दिइने रकम सहयोगलाई सम्झनु पर्नेछ।

**३.कार्यक्रम संचालनको उद्देश्यहरू :**यो कार्यक्रम कोदो बाली उत्पादनमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले संचालन गरिनेछ।

(क) कोदो उत्पादन क्षेत्रको सम्भाब्य स्थानमा प्रवर्द्धन गरी कोदो उत्पादनमा वृद्धि गरी जमिनको उत्पादकत्व वृद्धिमा सहयोग पर्याउने।

(ख) सुविधा अपुग भई रैथाने बाली कोदो व्यवसायीकरण गर्न नसकेका कृषकहरूलाई व्यवसायमा सहयोग गरी कोदो खेती प्रबर्द्धनबाट उत्पादन र आय आर्जन वृद्धि गर्न प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ।

(ग) रैथाने बाली कोदो मार्फत स्वरोजगार एवम् उत्साही युवाहरूलाई कृषि उत्पादनमा आकर्षित गर्न प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ।

**४. कार्यक्रम कार्यान्वयन विधि**

(क) इच्छुक कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारी/कृषि कम्पनीहरुले उक्त कार्यक्रम पालिका भित्र संचालनको लागि ७ दिने प्रस्ताव आव्हान सम्बन्धी सूचना प्रकाशन गरिनेछ।

(ख) आवेदकले तोकिए बमोजिमको ढाँचामा निवेदन,निवेदनमा उल्लेखित कागजात र कोदो उत्पादन गरीरहेको क्षेत्रफल सहितको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ।

(ग) कार्यक्रम संचालन हुने जग्गा धनी लालपुर्जा प्रमाण-पत्र वा लिजमा लिएको भएमा ५ वर्षे करारनामाको कागज हुनुपर्नेछ।

(घ) कृषि शाखाको अनुगमन र मूल्याङ्कन प्रतिवेदनका आधारमा अनुदान व्यवस्थापन समितिले लाभग्राही छनौट गर्नेछ ।

**५. प्रोत्साहन अनुदान उपलब्ध गराउने मापदण्ड**

(क) कृषकहरुले अनुदान प्राप्त गर्नको लागि तोकेको न्यूनतम क्षेत्रफल (२ रोपनीमा) कोदो उत्पादन गरेको हुनु पर्नेछ ।

(ख) तोकिएको क्षेत्रफल भन्दा बढि क्षेत्रफलमा कोदो लगाई उत्पादन गरिरहेका कृषकलाई थप प्रति रोपनी क्षेत्रफल अनुसार तोकिएको थप प्रोत्साहन अनुदान रकम उपलब्ध गरिनेछ ।

(ग) पेश गरिएको आवेदनको आधारमा कृषि तथा पशु शाखाबाट कोदो लगाएको क्षेत्रफल GPS उपकरणबाट मापन गरी आएको मापनको आधारमा प्रोत्साहन अनुदान रकम उपलब्ध गरिनेछ ।

(घ) GPS उपकरणको मापनको आधारमा प्रोत्साहन अनुदान रकम कृषकको बैंक खातामा उपलब्ध गरिनेछ ।

(ङ) गाउँपालिकामा आवेदन पेश गर्दा झुठ्ठा विवरण पेश तथा कृषि तथा पशु शाखाले क्षेत्रफल मापन गर्दा झुठ्ठा,अन्य व्यक्तिको कोदो लगाएको क्षेत्रफल देखिएमा त्यस्ता कृषकहरुलाई प्रोत्साहन अनुदान रकम उपलब्ध गरिने छैन।

(च) यो कार्यविधि स्वीकृत भएपश्चात कार्यक्रमको सूचना बमोजिम आवेदन पेश गरेका कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरूलाई मात्र प्रोत्साहन अनुदान उपलब्ध गराइने छ।

(छ) पैंयू गाउँपालिका बाहिरका कृषक/कृषि फर्म/कृषि समूह/कृषि सहकारीहरुलाई भने यस प्रकारको प्रोत्साहान अनुदान उपलब्ध गराइने छैन।

**६.उपलब्ध गराउने न्युनतम रकमः**

(क) कृषकहरुलाई क्षेत्रफलको आधारमा GPS उपकरणको मापनको आधारमा न्यूनतम २ रोपनी क्षेत्रफलमा कोदो लगाएका कृषकहरुलाई अनुदान व्यवस्थापन तथा लाभग्राही छनौट समितिको निर्णय बमोजिम प्रोत्साहन अनुदान रकम उपलब्ध गराइने छ।

(ख) न्यूनतम २ रोपनी भन्दा बढि क्षेत्रफलमा कोदो लगाएका कृषकहरूलाई थप प्रति रोपनी प्रोत्साहन रकम अनुदान व्यवस्थापन तथा लाभग्राही छनौट समितिको निर्णय बमोजिम उपलब्ध गराईनेछ।

**७. कार्यक्रम अनुगमन तथा मूल्याङ्कनः** कार्यक्रम संचालनको लागि प्राप्त निवेदनहरू उपर कृषि शाखा, वडाका प्राविधिक कर्मचारीहरु द्वारा वडा कार्यालयको सहजीकरणमा अनुगमन तथा मुल्याङ्कन गरिनेछ।

**८. अनुदान व्यवस्थापन तथा लाभग्राही छनौट समिति**कोदो उत्पादनमा प्रोत्साहन अनुदान सञ्चालन, अनुदान प्रवाह तथा अनुदानग्राही छनौट प्रकृयालाई सहजीकरण गर्न देहाय बमोजिमको एक अनुदान व्यवस्थापन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) | कृषि तथा सहकारी समिति संयोजक | सदस्य |
| (घ) | आर्थिक विकास समिति संयोजक | सदस्य |
| (ङ) | प्रमुख प्रशासकीय अधिकृत | आमन्त्रित सदस्य |
| (च) | आर्थिक प्रशासन शाखा प्रमुख | आमन्त्रित सदस्य |
| (छ) | कृषि शाखा प्रमुख | सदस्य सचिव |

१.कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावहरूको कृषि शाखा, वडाका प्राविधिक कर्मचारीहरु द्वारा अनुगमन भए पश्चात प्रस्तावहरूको मूल्याङ्कन गरी प्राथमिकता क्रम तोकी छनौट गर्नेछ ।

२.उक्त समितिले अनुदानग्राही छनौट प्रकृयामा दुई जना सम्बन्धित विषय विज्ञ वा सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

३.यस कार्यविधि बमोजिम यस समितिले वार्षिक बजेटको उपलब्धताको आधारमा रहि लाभग्राही छनौट तथा प्रोत्साहन रकम निर्धारण गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्नेछ ।

**९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कनः** कार्यक्रम संचालनको लागि प्राप्त निवेदनहरू उपर कृषि शाखा, वडाका प्राविधिक कर्मचारीहरु द्वारा वडा कार्यालयको सहजीकरणमा अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

**१०. अनुदान रकम निकासाः** क्षेत्रफलको आधारमा कोदो उत्पादनमा प्रोत्साहान अनुदान उपलब्ध गराउँदा गाउँपालिकाबाट कृषकको बैंक खातामा उपलब्ध गराइनेछ ।

**११. अन्य क्षेत्रमा अनुदानः** कोदो उत्पादनमा प्रोत्साहन अनुदान बाहेक गाउँसभाबाट स्वीकृत कार्यक्रम बमोजिमको कृषि तथा पशु क्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधिले वाधा पुर्याएको मानिने छैन।

**१२. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरि फुकाउन सक्नेछ।

**१३. संशोधनः** परिमार्जन तथा संशोधन कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

आज्ञाले

जिवन गैरे

प्रमुख प्रशासकीय अधिकृत